# आर्थिक वर्ष
# २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम

विद्युत नियमन आयोग
सानो गौचरण, काठमाडौं
श्रावण, २०८३

“सर्वसुलभ, भरपर्दो तथा सुरक्षित विद्युतको आधार
हरेक विद्युत उपभोक्ताको अधिकार”

विद्युत नियमन आयोगको ३१२ औ बैठकद्वारा स्वीकृत

(आयोगका अध्यक्ष डा. राम प्रसाद धितालद्वारा प्रस्तुत गरिएको)

# आयोगको आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम

विद्युत नियमन आयोग

२०८३ श्रावण १८

www.erc.gov.np

# विषय-सूची


**सम्बोधन .......................................................................................... १**

**आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमको उद्देश्य तथा कार्य दिशा......................... २**

**आर्थिक वर्ष २०८२/८३ मा आयोगबाट भएको काम कारबाही......................................... ४**

**आयोगको वार्षिक योजना तथा कार्यक्रम ........................................................... ६**

१. नियामकिय व्यवस्थाको विस्तार तथा सबलीकरण ................................................. ७

२. संस्थागत सुदृढीकरणः ................................................................. ९

३. क्षेत्र पुनःसंरचनासम्बन्धी प्रतिक्रियात्मक कार्यहरुः ............................................. ११

**आ.व. २०८३/८४ को वार्षिक योजना तथा कार्यक्रमको कोष तथा श्रोत ........................... १२**

१. आम्दानीको अनुमान ..........................................................................

२. खर्चको अनुमान ..............................................................................

३. आन्तरिक स्रोतबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको विवरणः ........................ १३

४. अन्य श्रोतबाट संचालन गरिने योजना तथा कार्यक्रमः ............................................ १८

**निष्कर्ष ........................................................................................ २०**

## सम्बोधन

विद्युत क्षेत्रको नियामक निकाय “विद्युत नियमन आयोग” को अध्यक्षको हैसियतमा आर्थिक वर्ष २०८३/८४ मा आयोगद्वारा सञ्चालन गरिने योजना तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८३ श्रावण ६ को निर्णयले २०८३ श्रावण ७ को मिति देखि अध्यक्षमा म, डा. राम प्रसाद धिताल र सदस्यमा श्री लोक राज पाठक, श्री जयराज भण्डारी र श्री बलराम सिलवालको नियुक्ति भएको थियो। अहिले आयोगमा एक अध्यक्ष र तीन सदस्य सहितको आयोग सञ्चालनमा रहेको अवस्था छ।

नेपालको ऊर्जा क्षेत्र अहिले ऐतिहासिक रूपान्तरणको चरणमा प्रवेश गरेको छ। विगतका दशकहरूमा ऊर्जा क्षेत्रको प्रमुख लक्ष्य विद्युत् उत्पादन क्षमता वृद्धि तथा विद्युत् पहुँच विस्तारमा केन्द्रित रहेको भए पनि अब राष्ट्रिय प्राथमिकता विद्युत् उत्पादन मात्र नभई आन्तरिक विद्युत् खपत वृद्धि, औद्योगिकीकरण, ऊर्जा मिश्रण तथा अन्तरदेशीय विद्युत् व्यापारमार्फत राष्ट्रको आर्थिक रूपान्तरण तर्फ उन्मुख भएको छ। नेपाल सरकारले तयार गरेको "ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३" ले यही नयाँ नीतिगत दिशालाई स्पष्ट रूपमा आत्मसात् गरेको छ। उक्त रणनीतिले विद्युत् उत्पादन, प्रसारण, वितरण, खपत तथा निर्यातलाई एउटै मूल्य शृङ्खलाको रूपमा विकास गर्दै आगामी दशकभित्र ऊर्जा क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख चालक बनाउने लक्ष्य निर्धारण गरेको छ।

यस परिवर्तित परिवेशमा विद्युत् नियमन आयोगको भूमिका समेत उल्लेखनीय रूपमा विस्तार भएको छ। विद्युत् महसुल निर्धारण मात्र नभई अब प्रतिस्पर्धी विद्युत् बजार विकास, खुला पहुँच (Open Access), विद्युत् व्यापार, विद्युत सेवाको गुणस्तर, उपभोक्ता संरक्षण, वितरण प्रणालीको सुदृढीकरण, विद्युत बजार नियमन तथा पारदर्शिता तथा लगानी मैत्री नियामकीय वातावरण निर्माण नियामकका प्रमुख जिम्मेवारीका रूपमा स्थापित हुँदै गएका छन्। प्रभावकारी नियमन बिना ऊर्जा खपत वृद्धि, निजी लगानी प्रवर्द्धन तथा निर्यात विस्तारका राष्ट्रिय लक्ष्यहरू समयमै हासिल गर्न कठिन हुनेछ।

विगतका चुनौती तथा अनुभवबाट पाठ सिक्दै तथा हाल सम्मको उपलब्धिहरूलाई संस्थागत गर्दै विद्युत् नियमन आयोग अब कार्यान्वयन मुखी (Implementation-Oriented) चरणमा प्रवेश गरेको छ। आयोगले नेपाल सरकारको नीतिगत प्रतिबद्धतालाई व्यवहारमा उतार्ने, नियामकीय अवरोध हटाउने, उपभोक्ता मैत्री तथा लगानी मैत्री विद्युत् बजार विकास गर्ने, विद्युत् सेवा प्रदायकहरूको कार्यसम्पादन सुधार गर्ने तथा ऊर्जा क्षेत्रको समग्र सुशासन सुदृढ गर्ने कार्यलाई उच्च प्राथमिकतामा

राख्न आवश्यक छ। साथै, सुशासन र Delivery based Governance को अवधारणा अन्तर्गत डिजिटल नियमन, तथ्यमा आधारित निर्णय प्रणाली, पारदर्शी नियामकीय प्रक्रिया तथा अन्तर संस्थागत समन्वयलाई सुदृढ गर्दै आयोगले नेपालको ऊर्जा रूपान्तरणलाई प्रभावकारी रूपमा सहजीकरण गर्नुपर्ने आवश्यकता झन् स्पष्ट भएको छ।

## आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमको उद्देश्य तथा कार्य दिशा

यसै परिप्रेक्ष्यमा नेपालको ऊर्जा क्षेत्रलाई प्रतिस्पर्धी, विश्वसनीय, उपभोक्ता मैत्री तथा लगानी मैत्री बनाउने राष्ट्रिय उद्देश्यलाई आत्मसात् गर्दै विद्युत नियमन आयोगले आफ्नो कानुन निर्दिष्ट जिम्मेवारीको प्रभावकारी कार्यान्वयनका लागि आर्थिक वर्ष २०८३/८४ को वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउने दृढ संकल्प गरेको छ। प्रस्तुत वार्षिक योजना तथा कार्यक्रम नेपाल सरकारद्वारा सङ्घीय संसदबाट पारित आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम, नेपाल सरकारको शासकीय सुधारसम्बन्धी नीति, मिति २०८३ वैशाख ३ मा ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको मन्त्रीस्तर्बाट भएको निर्देशनमा उल्लेख गतिविधि, ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३, आवधिक योजना तथा विद्युत् क्षेत्रसँग सम्बन्धित प्रचलित कानुन, नीति एवं नियामकीय व्यवस्थासँग तादात्म्यता कायम हुने गरी यस आयोगको अध्यक्ष पदका लागि निवेदन दिँदा पेश गरिएको कार्ययोजना सहितलाई आधार मानेर यस वर्षको नीति तथा कार्यक्रम तय गरिएको छ।

विशेष गरी, ऊर्जा क्षेत्रमा देखापरेका संरचनात्मक परिवर्तनको खाँचो, विद्युत् खपत वृद्धिको लक्ष्य, निजी तथा विदेशी लगानी प्रवर्द्धन, अन्तरदेशीय विद्युत् व्यापारको विस्तार, प्रतिस्पर्धामा आधारित विद्युत् बजारको विकास तथा सेवा प्रवाहमा गुणस्तर, पारदर्शिता र जवाफदेहिता अभिवृद्धिको राष्ट्रिय आवश्यकतालाई दृष्टिगत गर्दै आयोगले यस वार्षिक योजना तथा कार्यक्रममार्फत नियामकीय सुधार, संस्थागत सुदृढीकरण तथा कार्यान्वयनमुखी नियमनलाई उच्च प्राथमिकताका साथ अघि बढाउने नीति अवलम्बन गरेको छ।

यस उद्देश्यको प्रभावकारी कार्यान्वयनका लागि आयोगद्वारा आर्थिक वर्ष २०८३/८४ मा देहायबमोजिमका रणनीतिक नियमाकीय लक्ष्य तथा प्राथमिकताहरू हासिल गर्न प्रतिबद्ध रहेको व्यहोरा सम्पूर्ण सरोकारवाला निकाय, विद्युत् सेवा प्रदायक, लगानीकर्ता, विकास साझेदार तथा विद्युत् उपभोक्ता समक्ष जानकारी गराइन्छः

क) विद्युत् क्षेत्रमा सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा नियामकीय अनुशासन सुदृढ गर्न जोखिममा आधारित, प्रमाणमा आधारित तथा परिणाममुखी नियामकीय प्रणाली विकास एवं कार्यान्वयन गर्ने,

ख) वितरण अनुमतिपत्र (Distribution Licensee) तहमा रहेको उपभोक्ताका  गुनासो सुनुवाइ तथा समाधान संयन्त्रलाई समयमै र प्रभावकारी रूपमा उपभोक्ताका गुनासाहरूको सम्बोधन गर्न सक्षम हुने गरी थप सुदृढ, पारदर्शी तथा जवाफदेही बनाइने।

ग) विद्युत् आपूर्तिको गुणस्तर तथा विश्वसनीयता को लागि सेवा मापदण्ड (Service Standards) तथा कार्यसम्पादन मापदण्ड (Performance Benchmarks) को व्यवस्था गर्दै गुणस्तरीय, भरपर्दो तथा निर्बाध विद्युत् आपूर्ति को सुनिश्चितता गर्ने,

घ) सीमापार विद्युत् व्यापारको प्रभावकारी कार्यान्वयन, निजी क्षेत्रको सहभागिता तथा व्यापार प्रक्रियालाई सहजीकरण गर्न आवश्यक व्यापक कानुनी तथा नियामकीय संरचना एवं सुव्यवस्थित कार्यविधिहरू (Protocols) विकासका लागि नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

ङ) विद्युत् उत्पादन, प्रसारण, वितरण, व्यापार तथा अन्य ऊर्जा सेवामा निजी क्षेत्रको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न पूर्वानुमानयोग्य, स्थिर, प्रतिस्पर्धी तथा लगानीमैत्री नियामकीय वातावरण निर्माण गर्ने,

च) ठूला, जलाशययुक्त तथा अर्धजलाशययुक्त जलविद्युत् आयोजना लगायत रणनीतिक ऊर्जा पूर्वाधारमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न आवश्यक नियामकीय सुधार, प्रक्रियागत सहजीकरण तथा लगानी संरक्षणसम्बन्धी व्यवस्था सुदृढ गर्ने,

छ) आन्तरिक विद्युत् खपत वृद्धि, ऊर्जा सुरक्षा, प्रणालीको विश्वसनीयता तथा विद्युत् निर्यात प्रवर्द्धनलाई सुदृढ आधार प्रदान गर्न दीर्घकालीन, मौसमी तथा लचिलो (Flexible) विद्युत् खरिद बिक्री व्यवस्थाका लागि आवश्यक नियामकीय तथा नीतिगत व्यवस्था विकास गर्ने,

ज) क्षेत्रीय ऊर्जा सहकार्य तथा अन्तरदेशीय विद्युत् व्यापारलाई पारदर्शी, प्रतिस्पर्धी र व्यवस्थित बनाउन अन्तरदेशीय विद्युत् व्यापारसम्बन्धी नियामकीय ढाँचा तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,

झ) प्रतिस्पर्धामा आधारित बहुक्रेता तथा बहुबिक्रेता विद्युत् बजार (Multi-Buyer Multi-Seller Electricity Market) को चरणबद्ध विकासका लागि आवश्यक बजार संरचना, बजार सञ्चालन नियम, बजार अनुगमन प्रणाली, सन्तुलन संयन्त्र (Balancing Mechanism) , खुला पहुँच (Open Access) सम्बन्धी अन्य सहायक निर्देशिका विकास गर्ने।

ञ) विद्युत् सेवा प्रदायकहरूको कार्यसम्पादन, सेवा गुणस्तर, प्रणालीको विश्वसनीयता तथा उपभोक्ता अधिकारको प्रभावकारी संरक्षण सुनिश्चित गर्न कार्यसम्पादनमा आधारित नियमन (Performance-Based Regulation) , सेवा गुणस्तर मापदण्ड, उपभोक्ता संरक्षण संयन्त्र तथा डिजिटल नियामकीय अनुगमन प्रणाली सुदृढ गर्ने।

ट) डिजिटल प्रविधिमा आधारित नियामकीय सेवा, तथ्याङ्क व्यवस्थापन, ई-फाइलिङ, नियामकीय अनुसन्धान तथा प्रमाणमा आधारित निर्णय प्रणाली विकास गरी आयोगलाई आधुनिक, सक्षम तथा प्रविधिमैत्री नियामक संस्थाका रूपमा रूपान्तरण गर्ने।

## आर्थिक वर्ष २०८२/८३ मा आयोगबाट भएको काम कारबाही

विक्रम सम्बत २०८१ साल असार १० गते आयोगद्वारा पञ्च-वर्षीय मार्ग चित्र (२०८१-२०८६) तर्जुमा गरी जारी गरिएको थियो। यसै मार्ग चित्र अन्तर्गत रहेर आयोगले नेपालको विद्युत क्षेत्र रूपान्तरण, नियामकीय व्यवस्थाको सशक्तीकरण, विद्युत क्षेत्रको जबाफदेही तथा पारदर्शी नियमन तथा उपभोक्ता संरक्षण लगायतका विषयमा जोड दिएको थियो। विद्यमान समयमा आयोगको काम कारबाही नेपाल सरकारको विद्युत सम्बन्धी नीति तथा आयोगको मार्ग चित्र अनुरूप नै निर्देशित रहेर अगाडि बढी रहेका छन्। गत आर्थिक वर्ष २०८२/८३ मा आयोगबाट भएका काम कारबाही निम्न बमोजिम उल्लेख गरिएको छः

क) जलाशययुक्त जलविद्युत आयोजनाहरुको विद्युत खरिद बिक्री दर निर्धारणको निर्देशिका जारी गरिएकोः आयोगद्वारा प्रत्यक्ष सरोकारवालाहरू सँग छलफल तथा सार्वजनिक रूपमा सरोकारवालाहरू बाट राय, सुझाव माग गरी सबै राय सुझावहरूलाई मध्यनजर गरी २०८२ मा जलाशययुक्त जलविद्युत आयोजनाहरुको विद्युत खरिद बिक्री दर निर्धारणको निर्देशिका जारी गरेको छ।

ख) खुल्ला पहुँच (Open Access) निर्देशिका जारी गरिएकोः नेपालको विद्युत क्षेत्रको प्रतिस्पर्धात्मकता अभिवृद्धि, विद्युत विकासमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन गर्न तथा उपभोक्तालाई आफ्नो सेवा प्रदायक आफै छनौट गर्न पाउने अवसर प्रदान गर्न आयोगद्वारा विद्युत प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँचसम्बन्धी निर्देशिका, २०८२ जारी गरिएको छ । उक्त निर्देशिकामा खुल्ला पहुँच प्रयोगकर्ताको योग्यता, खुल्ला पहुँचको निवेदन बुझ्ने र स्वीकृत गर्ने निकाय, खुल्ला पहुँच प्राप्ति सम्बन्धी प्राथमिकता, खुल्ला पहुँच प्रयोगकर्ताका लागि दस्तुरको संरचना लगायत विषयहरु समेटिएका छन्।

ग) आयोगका कर्मचारीको पदपूर्तिः आयोगद्वारा नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, अर्थ मन्त्रालय र लोकसेवा आयोगसँगको समन्वयमा विद्युत नियमन आयोगको कर्मचारी प्रशासनसम्बन्धी विनियमावली स्वीकृत भई कर्मचारी पदपूर्तिको बाटो खुलेको थियो। त्यस पश्चात्, लोकसेवा आयोगको सहकार्यमा मिति २०८२/१/१२ मा आयोगले तेह्र (१३) जना कर्मचारी पदपूर्तिको लागि सूचना जारी गरेको थियो। आ.व. २०८२/८३ मा १३ जना कर्मचारी कै पदपूर्ति भई हाल १२ जना स्थायी कर्मचारी कार्यरत रहेको अवस्था छ।

घ) खुल्ला पहुँच निर्देशिकाका कार्यान्वयनार्थ सहायक निर्देशिकाको मस्यौदा निर्माणः विद्युत प्रसारण तथा वितरण प्रणालीमा खुल्ला पहुँचसम्बन्धी निर्देशिका, २०८२ को पूर्ण कार्यान्वयन गर्न आवश्यक पर्ने निर्देशिकाहरू मध्ये खुल्ला पहुँचसम्बन्धी गुनासो समाधान सम्बन्धी निर्देशिका, ब्यलेन्सीङ्ग तथा सेटलमेन्ट सम्बन्धी निर्देशिका तथा क्याप्टिभ विद्युत उत्पादन निर्देशिकाको मस्यौदा तयार भई आन्तरिक छलफलको क्रममा रहेको छ।

ङ) संस्थागत सुशासन सम्बन्धी मापदण्ड, २०८२ को मस्यौदा तयारीः अनुमतिपत्र प्राप्त संस्थाहरूमा सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा संस्थागत जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले आयोगले "संस्थागत सुशासन सम्बन्धी मापदण्ड, २०८२" को मस्यौदा तयार गरी सार्वजनिक परामर्शका लागि जारी गरेको छ। उक्त मस्यौदामा अनुमतिपत्र प्राप्त संस्थाको संस्थागत सुशासन प्रणाली, सञ्चालकहरूको योग्यता, चयन, भूमिका तथा आचारसंहिता, कर्मचारीहरूको कर्तव्य, जिम्मेवारी, सेवा सुविधा, हितको द्वन्द्व व्यवस्थापन, गुनासो सुनुवाइ संयन्त्र, सेयरधनी, उपभोक्ता तथा अन्य सरोकारवालाको अधिकार संरक्षण लगायतका विषयहरू समेटिएका छन्। सरोकारवाला निकाय, विषय विज्ञ तथा सम्बन्धित पक्षहरूबाट प्राप्त हुने सुझाव तथा प्रतिक्रियाको समुचित विश्लेषण र समावेशीकरण पश्चात् उक्त मापदण्डलाई अन्तिम रूप दिई कार्यान्वयनमा ल्याइनेछ। यस मापदण्डको प्रभावकारी कार्यान्वयनबाट विद्युत क्षेत्रका संस्थाहरूमा सुशासन, पारदर्शिता, नैतिक व्यावसायिक आचरण, जोखिम व्यवस्थापन तथा उत्तरदायित्वमा आधारित संस्थागत संस्कृतिको विकास भई नियामकीय अनुपालन तथा सार्वजनिक विश्वास अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

च) दक्षिण एसियाली पूर्वाधार नियमन मञ्च (SAFIR) को सदस्यता लिनेः क्षेत्रीय नियामक अनुभव आदान-प्रदान, क्षमता अभिवृद्धि, तथा पूर्वाधार नियमनसम्बन्धी अन्तरदेशीय समन्वय सुदृढ गर्ने हेतुले विद्युत नियमन आयोगद्वारा दक्षिण एसियाली पूर्वाधार नियमन मञ्च (South Asia Forum for Infrastructure Regulation - SAFIR) को सदस्यताका लागि प्रयत्नरत रहेकोमा गत वर्ष आयोगले उक्त निकायको सदस्यता प्राप्त गरेको छ। सदस्यता प्राप्त भए पश्चात् आयोगले क्षेत्रीय नीति संवाद, उत्कृष्ट अन्तरराष्ट्रिय अभ्यासको अध्ययन, अनुसन्धानमा

सहभागिता, तथा नैतिक र संस्थागत सुदृढीकरणमा प्रत्यक्ष योगदान पुर्याउनका साथै सो बाट लाभ समेत लीन सक्नेछ।

छ) सञ्चार तथा सरोकारवाला संलग्नता रणनीतिः यो रणनीति (Communication and Stakeholder Engagement Strategy) आयोग द्वारा तयार गरिएको र यसले ERC को पाँचवर्षीय मार्गचित्र (२०२४–२०२९) मा उल्लिखित मार्गदर्शक सिद्धान्तहरूको पालना गर्दै ERC को दूरदृष्टि तथा लक्ष्य हासिल गर्न योगदान पुऱ्याउने उद्देश्य राख्दछ।

ज) निर्णय सहायता (डिसिजन सपोर्ट) का लागि गरिएका अध्ययनहरुः विद्युत नियमन आयोगले भविष्यमा गर्ने कार्यहरू तथा बन्ने नियामकीय उपकरणहरूको दिशा तय गर्न तथा आयोगले लिने निर्णयलाई थप परिपक्व र प्रमाणमा आधारित (evidence-based) बनाउन गत वर्ष देहायबमोजिमका अध्ययन कार्यहरू अघि बढाएको थियो।

अ. Capital Expenditure Benchmarking of Hydropower Projects

आ. Operational Cost Benchmarking of Hydropower Projects

इ. Long Run Marginal Cost Estimation and Tariff Design for Nepal÷s Evolving Power Sector

ई. Evidence-based assessment of the actual financial status of CREEs and possible interventions

उ. Comprehensive assessment of electricity consumer rights and protection in Nepal, providing policy recommendations and consumer awareness strategies to strengthen the regulatory framework

ऊ. Discussion Paper for Determination of Power Purchase Rate of Storage Hydropower Plant

ऋ. Discussion Paper for Determination of Price for Pumped Storage Hydropower Plant

ऌ. उपभोक्ता सञ्चारसम्बन्धी रणनीति

ऍ. विद्युत खरिद बिक्री सम्झौताको ढाँचाको पुनरावलोकन सम्बन्धी अध्ययन

ऐ. विद्युत नियमन आयोगको रणनीतिक तथा संस्थागत विकास योजना सम्बन्धी अध्ययन

ए. विद्युत नियमन आयोगको सञ्चालन तथा नियमन (कोष व्यवस्थापन, कार्यसम्पादन तथा प्रोत्साहन) सम्बन्धी अध्ययन

## आयोगको वार्षिक योजना तथा कार्यक्रम

आगामी आ.व.२०८२/८३ मा आयोगद्वारा तय गरिने योजना तथा कार्यक्रमहरू निम्न बमोजिम हुनेछन्।

## १. नियामकिय व्यवस्थाको विस्तार तथा सबलीकरण

नियामकीय व्यवस्थाको विस्तार तथा सशक्तीकरण गर्ने नीति अन्तर्गत आयोगद्वारा आगामी आ.व.२०८२/८३ मा गरिने मुख्य कार्य तपसिल बमोजिम रहने छन्।

### १.१ खुला पहुँच (Open Access) कार्यान्वयन

खुला पहुँच (Open Access) कार्यान्वयनका लागि विद्युत प्रसारण तथा वितरण प्रणालीमा खुला पहुँच सम्बन्धी निर्देशिका, २०८२ प्रारम्भिक कदम मात्र हो। यसको प्रभावकारी कार्यान्वयनका लागि थप कार्यविधि तथा नेपाल विद्युत् प्राधिकरणले ग्रिड सञ्चालक, वितरण प्रणाली सञ्चालक र नोडल एजेन्सीका रूपमा आवश्यक पूर्व तयारी गर्नु पर्नेछ।

#### १.१.१ खुल्ला पहुँच निर्देशिकाका सहायक निर्देशिका जारी गर्ने:

यसका अतिरिक्त, खुल्ला पहुँचको कार्यान्वयनका लागि देहायबमोजिमका निर्देशिकाहरु आयोगले जारी गर्नेछः

क. मिटरिङ्ग सम्बन्धी निर्देशिका

ख. खुल्ला पहुँचसम्बन्धी गुनासो समाधान सम्बन्धी निर्देशिका

ग. ब्यलेन्सीङ्ग तथा सेटलमेन्ट सम्बन्धी निर्देशिका

घ. डेभिएसन् सेटलमेन्ट सम्बन्धी निर्देशिका

ङ. ग्रीड अबद्दता (कन्टेक्टिभिटी) सम्बन्धी निर्देशिका

च. क्याप्टिभ विद्युत उत्पादन निर्देशिका

छ. डेडीकेटेड प्रसारण लाइनको लागत तथा नोक्सानीको बाँडफाँट सम्बन्धी निर्देशिका

#### १.१.२ नोडल एजेन्सीका दस्तावेजमा स्वीकृति दिने:

आयोगले खुल्ला पहुँच कार्यान्वयनार्थ नोडल एजेन्सीद्वारा तयार पारिएका देहायबमोजिमका दस्तावेजको आवश्यक अध्ययन गरी स्वीकृति दिनेछ।

क. खुल्ला पहुँच सम्झौताको ढाँचा,

ख. खुल्ला पहुँच सम्बन्धी कार्यविधि।

#### १.१.३ अन्य आवयाश्क गतिविधिहरु

क. प्रसारण शुल्क, वितरण शुल्क तथा अधिशुल्क (सरचार्ज) हरुको निर्धारण

ख. इन्टरफेस मिटरको जडान भए नभएको अनुगमन

ग. खुल्ला पहुँच कार्यान्वयनको घोषणा सम्बन्धी औपचारिक कार्यक्रम

### १.२ पम्प्ड-स्टोरेज जलविद्युत् नियामकीय ढाँचा

नवीकरणीय ऊर्जाको तीव्र विस्तार भइरहेको विद्युत् प्रणालीमा पम्प्ड-स्टोरेज सबैभन्दा महत्वपूर्ण भण्डारण प्रविधि हो। यसले अतिरिक्त वा न्यून मागको समयमा विद्युत् सञ्चित गरी उच्च मागको समयमा भरपर्दो तथा आवश्यकताअनुसार उपलब्ध गराउन सकिने विद्युत् आपूर्ति गर्दछ र लचकता (flexibility) तथा पूरक सेवा (Ancillary Services) मार्फत प्रणालीको ग्रीडको स्थिरता (stability) र सुरक्षा (Security) सुनिश्चित गर्न सहयोग गर्दछ। पम्प्ड स्टोरेज जल विद्युतको मापदण्ड (Performance Standards) तथा लागत असुली (Cost Recovery) का लागि उपयुक्त छुट्टै नियामकीय ढाँचा विकास गरिनेछ।

### १.३ ब्याट्री ऊर्जा भण्डारण प्रणाली (BESS) नियामकीय ढाँचा

ब्याट्री ऊर्जा भण्डारण प्रणाली (BESS) ले फ्रीक्वेन्सी नियन्त्रण, उच्च माग व्यवस्थापन, नवीकरणीय ऊर्जाको सन्तुलन तथा सञ्जाल लगानी स्थगनमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। मापदण्ड (Performance Standards) तथा लागत असुली (Cost Recovery) का लागि उपयुक्त छुट्टै नियामकीय ढाँचा विकास गरिनेछ।

### १.४ विद्युत उपभोक्ता महसुल निर्धारण निर्देशिका

विद्युत उपभोक्ता महसुल निर्धारण सम्बन्धी निर्देशिकाको समयानुकूल पुनरावलोकन खुला पहुँच कार्यान्वयनका लागि समेत अपरिहार्य हुने र हालको निर्देशिकामा विद्युत महसुल निर्धारणको सैद्धान्तिक पक्षको कमी रहेको विषयलाई मध्यनजर गरी विद्युत उपभोक्ता महसुल निर्धारण प्रयोजनका लागि बहुवर्षीय महसुल निर्धारण पद्धति (Multi-Year Tariff) अपनाई आगामी निश्चित अवधिका लागि विद्युत महसुल निर्धारण गर्ने र समग्र महसुल निर्धारण प्रक्रियालाई आवधिक प्रक्रियाको रुपमा अपनाइनेछ।

### १.५ ग्रिड कोडको आधुनिकीकरण तथा अद्यावधिक

सुदृढ तथा सुरक्षित विद्युत् प्रणालीबिना प्रभावकारी विद्युत् बजार सम्भव हुँदैन। नेपालको प्रचलित ग्रीड कोड नेपालको विद्युत क्षेत्रको बदलिँदो परिदृश्य अनुरुप खुल्ला पहुँच तथा नवीकरणीय एवम् नवीन ऊर्जा उत्पादन प्रणालीलाई समेत उपयुक्त हुने प्रावधानहरु छैनन्। तसर्थ, ग्रीड कोडको समयानुकूल पुनरावलोकन गरी आधुनिक ग्रिड कोड तयार गरिनेछ।

### १.६ विद्युत् व्यापार सम्बन्धी निर्देशिका

खुला पहुँच निर्देशिकाले प्रसारण तथा वितरण सञ्जालमा भेदभावविहिन पहुँच सुनिश्चित गरेको छ, तर नेपाल सरकारबाट विद्युत व्यापार अनुमति लिई विद्युत् व्यापार संस्थाहरूको आचरण, ट्रेडीङ्ग मार्जिन तथा आचारसंहितालाई व्यवस्थित गर्न छुट्टै विद्युत् व्यापार निर्देशिका आवश्यक हुने भएकाले विद्युत

व्यापार सम्बन्धी निर्देशिका जारी गरी विद्युत् व्यापार पारदर्शी, प्रतिस्पर्धी तथा उपभोक्तामैत्री बनाइनेछ। साथै, नेपाल सरकारले आवश्यक कानून निर्माण गरेको खण्डमा सीमापार विद्युत् व्यापार सम्बन्धी विषयलाई समेत यसै निर्देशिकामा समावेश गरिनेछ।

### १.७ निर्णय सहायता (डिसिजन सपोर्ट) का लागि गरिएका अध्ययनहरु

यस वर्ष पनि आयोगले आवश्यकता अनुसार गत वर्ष अघि बढाइएका अध्ययनहरूलाई निष्कर्षमा पुर्याई देहायबमोजिमका अध्ययनहरूलाई समेत अघि बढाउनेछः

क. विद्युतको थोक बजार (Wholesale market of Electricity) को सम्भाव्यता सम्बन्धी अध्ययन ,

ख. नियामकीय उपायका लागि नेपालका साना जल विद्युत् आयोजना (२५ मेगावाट वा सोभन्दा कम) को प्रमाणमा आधारित अध्ययन,

ग. वर्षायाममा उत्पादन हुने अतिरिक्त विद्युत् खरिद सम्बन्धी कार्यविधि,

घ. Development of a Public Digital Dashboard for Grid Status Monitoring,

ङ. पुनःसंरचना पश्चात नेपाल विद्युत प्राधिकरणका विद्युत खरिद बिक्री सम्झौता, कनेक्सन एग्रिमेन्ट, लगायत अन्य सम्झौताबापत सिर्जित हुने दायित्वहरुको स्पष्ट तथा उपयुक्त रुपमा बाँडफाँटका सम्बन्धमा अध्ययन गर्ने गराउने,

च. अनुमति प्राप्त संस्थाहरूको कार्यसम्पादन सूचकाङ्क (KPI) मापन सम्बन्धी अध्ययन बार्षिक एवम् आवधिक रुपमा गर्न सुरु गर्ने।

## २. संस्थागत सुदृढीकरणः

आयोगको आफ्नो आन्तरिक संस्थागत पद्धतिको सुधार तथा सशक्तीकरणका लागि यस वर्ष देहाय अनुरूपका कार्यहरू गर्नेछः

क. २०८१ असारमा जारी आयोगको पन्चबर्षिय योजना (२०२४-२०२९) लाई पछिल्ला घटनाक्रम तथा परिवर्तित परि दृश्य अअनुरूप अद्यावधिक गर्ने।

ख. अध्यक्ष र सदस्य एवम् अध्यक्ष र सचिवको बीच कार्यसम्पादन मुल्याङ्कन सम्झौताको अभ्यास सुरु गरी जवाफदेहिता तथा कार्यसम्पादनमा दक्षता वृद्धि गर्ने।

ग. आवश्यक विनियम संशोधनका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (MOEWRI) र अर्थ मन्त्रालय (MOF) को सहमतिका लागि आयोगको रणनीतिक तथा संगठन विकास योजना (ERC Strategic and Organization Development Plan) अन्तिम रूप दिई पेश गर्ने।

घ. आयोग तथा अनुमति पत्र प्राप्त संस्थाहरूका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन (Performance-Based Incentive) प्रणाली लागू गर्ने।

ङ. दस्तावेज व्यवस्थापन प्रणाली (DMS) र नेपाल सरकारको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) मार्फत पूर्ण रूपमा डिजिटल निर्णय (Decision Making) प्रक्रिया कार्यान्वयन गर्ने।

च. हाल सञ्चालनमा रहेको दस्तावेज व्यवस्थापन प्रणाली (DMS) सहित आयोगका आन्तरिक कार्यसम्पादन तथा नियामकीय कार्यहरूलाई पूर्ण रूपमा डिजिटलीकरण गर्न सक्षम एकीकृत नियामकीय सूचना व्यवस्थापन प्रणाली (Regulatory Information Management System - RIMS and Document management System – DMS) विकास गर्ने।

छ. स्वीकृत संगठन संरचना (Organogram) अनुसार बाँकी मानव स्रोतको पदपूर्ति सम्पन्न गरी संस्थामा सुदृढ मध्य-व्यवस्थापन (Middle Management) क्षमता सुनिश्चित गर्ने।

ज. पुनर्संरचना पश्चातको एवम् बजारमुखी विद्युत् क्षेत्रको प्रभावकारी नियमनका लागि आवश्यक दक्षता र क्षमता समेट्ने गरी विद्यमान संगठनात्मक संरचनाको पुनरावलोकन तथा परिमार्जन गर्ने।

झ. विश्वविद्यालयहरूसंगको सहकार्यमा विद्युत् क्षेत्रका नियामकीय, बजारसम्बन्धी तथा बहुविषयगत पक्षमा अनुसन्धान र विश्लेषणात्मक कार्य गर्ने।

ञ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरू, पूर्वाधार नियमनका लागि दक्षिण एसियाली मञ्च (SAFIR) लगायत अन्तर्राष्ट्रिय थिंक टयाङ्कहरूसँग सहकार्यमार्फत आयोगका मानव स्रोत तथा प्रमुख सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने।

ट. सञ्चार तथा सरोकारवाला संलग्नता (Engagement) सम्बन्धी रणनीति जारी गरी आवश्यक गतिविधिहरु प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

ठ. विद्युत् क्षेत्रसम्बन्धी विषयमा नेपाल सरकारको विश्वसनीय परामर्शदाता निकायका रूपमा आयोगलाई स्थापित गर्न समर्पित नीति तथा नियामकीय विश्लेषण शाखा स्थापना गर्ने।

ड. सान्दर्भिक विषयमा राय एवम् सुझाव लिने प्रयोजनको लागि मन्त्रालयसँगको समन्वयमा विज्ञहरू समूहको (Advisory Panel) पुनःगठन गर्ने।

ढ. विभिन्न जिल्लामा अवस्थित आयोजना वा मुद्दा सम्बन्धी जाँचबुझ तथा निरीक्षणका लागि स्वतन्त्र नियामकीय परीक्षकहरु (independent regulatory auditors) को चयन, प्रशिक्षण र परिचालनलाई सुनिश्चित गर्न आवश्यक नियमावलीको व्यवस्था गर्ने।

ण. विद्युत नियमन आयोगका लागि उपयुक्त कार्यालय भवनको खोजि गरी कार्यालय स्थानान्तरण गर्ने।

## ३. क्षेत्र पुनःसंरचनासम्बन्धी प्रतिक्रियात्मक कार्यहरु:

नेपाल विद्युत प्राधिकरणको पुनः संरचना हुँदै गर्दा विद्युत उत्पादन, प्रसारण र वितरण सम्बन्धी गतिविधि बेग्लाबेग्लै निकाय मातहतमा सञ्चालन हुने भएका कारण ती सबै निकाय आफैमा वित्तीय रूपमा सक्षम हुनु आवश्यक हुन्छ। त्यसका साथै, आजसम्म नेपाल विद्युत प्राधिकरणको आन्तरिक व्यावसायिक सुशासन प्रणालीले सम्हालेका विभिन्न पक्षहरूलाई नियामकीय तवरबाट सम्बोधन गर्नु पर्ने हुन्छ।

### ३.१ नेपाल विद्युत प्राधिकरणको पुनः संरचनाका सम्बन्धमा नेपाल सरकारलाई नीतिगत सुझाव दिने

नेपाल विद्युत प्राधिकरणको पुनः संरचनाका लागि उपयुक्त रणनीति निर्माण गर्न आयोगले नेपाल सरकारलाई समयमै उपयुक्त राय तथा सुझाव प्रदान गर्नेछ। आयोगमा रहेको बौद्धिक पुँजीको प्रयोग गरी पुनः संरचनाको संक्रमणकालीन अवस्थामा प्रतिक्रियात्मक रूपमा नियामकीय हस्ताक्षेपिकरणका लागि तयार रही मन्त्रालयलाई आवश्यक सहयोग गर्नेछ।

### ३.२ नेपाल विद्युत प्राधिकरण मातहतका उत्पादन गृहहरूको विद्युत उत्पादन महसुल

आयोगले हाल नेपाल विद्युत प्राधिकरणको मातहतमा रही भविष्यमा नेपाल विद्युत प्राधिकरणको उत्तराधिकारी कम्पनी अन्तर्गत रहने विद्युत उत्पादन केन्द्रहरूको विद्युत खरिद बिक्री दर निर्धारणको कार्यविधि स्पष्ट पार्नेछ।

### ३.३ वितरण संहिताको निर्माण

हाल नेपाल विद्युत प्राधिकरण ऐनद्वारा निर्मित एक अधिकार प्राप्त संस्थानको रूपमा रहेको र यसलाई विद्युत वितरण विनियमावली समेत बनाउने अधिकार रहेको छ। भविष्यमा, नेपाल विद्युत प्राधिकरणको वितरण व्यवसाय उत्तराधिकारी कम्पनीमा हस्तान्तरण भए पश्चात् त्यस कम्पनीमा प्राधिकरण सरह कानुन बनाउने अधिकार रहँदैन। त्यस अवस्थामा विद्युत वितरणसम्बन्धी विषयलाई कानुनी स्वरूप दिन वितरण संहिताको आवश्यक पर्ने भएकोले यस वर्ष भित्र आयोगले वितरण संहिता निर्माण कार्य गर्नेछ।

### ३.४ विद्यमान सम्झौता तथा दायित्व व्यवस्थापनसम्बन्धी मार्गदर्शन

नेपाल विद्युत् प्राधिकरणको पुनः संरचना प्रक्रियामा सबैभन्दा जटिल विषयमध्ये विद्यमान सम्पत्ति, दायित्व तथा सम्झौताहरूलाई उत्तराधिकारी संस्थाहरू बीच उचित रूपमा बाँडफाँट गर्नु हो।

त्यसमध्धे, नेपाल विद्युत प्राधिकरणको नाममा सम्पन्न प्रसारण अन्तर आबद्धता (Interconnection) सम्झौता तथा विद्युत खरिद सम्झौताहरूबाट सिर्जित लाभ तथा दायित्वहरूको हस्तान्तरण विभिन्न कम्पनीहरूको बीच गर्नुपर्ने हुन्छ। आयोगले सम्पत्ति तथा दायित्वको मूल्याङ्कन र हस्तान्तरण सम्बन्धी सिद्धान्त, विद्यमान विद्युत् खरिद सम्झौता (Legacy PPA), अन्तर आबद्धता सम्झौता, ऋण तथा सम्भावित अवशिष्ट लागत (Stranded Costs) को व्यवस्थापनसम्बन्धी मार्गदर्शन प्रदान गर्नेछ। यसका लागि आयोगले उपयुक्त नियामकीय सिद्धान्त प्रतिपादन गरी सूचित गर्नेछ।

## आ.व. २०८३/८४ को वार्षिक योजना तथा कार्यक्रमको कोष तथा श्रोत

विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली, २०७५ बमोजिम प्रावधानबमोजिम आयोगको कोषमा निम्न शीर्षकबाट प्राप्त रकम रहन सक्ने व्यवस्था गरिएको छः

क. नेपाल सरकारबाट प्राप्त रकम,

ख. कुनै व्यक्ति वा संघसंस्थाबाट प्राप्त रकम,

ग. विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त रकम,

घ. विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत बिक्रीबाट भएको वार्षिक कुल आयको एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,

ङ. विद्युत व्यापार गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत व्यापारबाट गरेको वार्षिक कुल आयको एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,

च. राष्ट्रिय ग्रिड प्रयोग गरी विद्युत निकासी गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको प्रसारण तथा वितरण दस्तुर (व्हिलिङ्ग चार्ज) को एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,

छ. ऐनको दफा २० बमोजिम प्राप्त सेवा शुल्क,

ज. अन्य स्रोतबाट प्राप्त रकम ।

आयोगले उक्त कोषमा जम्मा भएको रकमबाट सम्पूर्ण खर्च व्यहोर्ने गरेको छ। आयोगको आफ्नै स्रोतबाट सम्पूर्ण खर्च व्यहोरिएको सन्दर्भमा आयोग आर्थिक रूपले आत्मनिर्भर भएको छ। त्यसैगरी, आ. व. २०७७/०७८ देखि आयोगमा नेपाल सरकारबाट बजेट विनियोजन गर्नुपर्ने अवस्था रहेको छैन। विभिन्न नियामकीय शुल्क, अन्य दस्तुर मार्फतको आम्दानी र आ.व. २०८२/८३ को अन्तिम सम्ममा आयोगको सञ्चित कोषमा रु. ७,९०,१८,६७१.४३ /- (अक्षरेपि सात करोड नब्बे लाख अठार हजार छ सय एकहत्तर पैसा त्रिचालीस मात्र) बाँकी रहेको अवस्था छ। यस आ.ब. २०८३/८४ मा विभिन्न श्रोतहरुबाट ३८,९६,७०,०७६.७०/- (अक्षरेपि अठतीस करोड छ्यानब्बे लाख सत्तरी हजार छयहत्तर सत्तरी पैसा मात्र) आयोगको आम्दानी हुने अनुमान गरिएको छ ।

त्यसैगरी, खर्च तर्फ आगामी आ.व. २०८३/८४ का लागि आयोगको अनुमानित कुल बजेट खर्च रु. २३,१५,३२,४६९.००/- (अक्षरेपि तेइस करोड पन्ध्र लाख बत्तीस हजार चार सय उनन्सत्तरी मात्र) निर्धारण गरिएकोमा,

- पुँजीगत खर्चतर्फ अनुमानित रु. ३,७६,५०,०००/- (अक्षरेपि तीन करोड छ्यहत्तर लाख पचास हजार मात्र), र
- चालूतर्फ अनुमानित रु. १९,३८,८२,४६९/- (अक्षरेपि उन्नाइस करोड अढ्तीस लाख बयासी हजार चार सय उनन्सत्तरी मात्र) खर्च हुने प्रक्षेपण गरिएको छ।

आगामी आ.व. २०८३/८४ का लागि तय गरिएका रणनीतिक योजना तथा कार्यक्रमहरूलाई व्यवहारमा रूपान्तरण गरी यस योजना तथा कार्यक्रममा निर्धारित लक्ष्य प्राप्त गर्न तपसिलबमोजिम कार्यान्वयन योजना तयार पारिएको छ।

### १. आन्तरिक स्रोतबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको विवरण:

आयोगले आ.व.२०८३/८४ का लागि तय गरेका कार्यक्रम तथा योजनाको प्रभावकारी कार्यान्वयनका लागि आर्थिक, वित्तीय तथा मानवीय स्रोतको अत्यन्तै आवश्यक हुन जान्छ। यसका लागि आयोगका आफ्नै कर्मचारी, प्राविधिक, वित्तीय, कानूनी तथा प्रशासनिक स्रोतको समुचित प्रयोग गरी लागु गरिने योजना तथा कार्यक्रम कार्यान्वयन गर्नेछ। विशेष गरी, आयोगको नियामकीय दायित्व निर्वाह गर्ने तथा अधिकार प्रयोग गर्ने सम्बन्धी विषयहरुमा चालिनुपर्ने गतिविधिहरु कार्यान्वयन गर्न आयोगले आफ्नै स्रोत प्रयोग गर्नेछ।

| क्र.स. | कार्यक्रम तथा योजना | कार्य गर्न आवश्यक अवधि | आवश्यक स्रोत |
|---|---|---|---|
| १. | खुल्ला पहुँच सम्झौताको ढाँचा तथा खुल्ला पहुँच सम्बन्धी कार्यविधिको स्वीकृत गर्ने। | आ.व. २०८३/८४ | खुल्ला पहुँच कार्यान्वयनार्थ |
| २. | प्रसारण शुल्क, वितरण शुल्क तथा अधिशुल्क (सरचार्ज) हरुको निर्धारण गर्ने। | आ.व. २०८३/८४ | खुल्ला पहुँच कार्यान्वयनार्थ |
| ३. | इन्टरफेस मिटरको जडान भए नभएको अनुगमन गर्ने। | आ.व. २०८३/८४ | खुल्ला पहुँच कार्यान्वयनार्थ |
| ४. | खुल्ला पहुँच कार्यान्वयनको घोषणा सम्बन्धी औपचारिक कार्यक्रम गर्ने। | आ.व. २०८३/८४ | खुल्ला पहुँच कार्यान्वयनार्थ |
| ५. | परामर्शदाताहरुले प्रदान गरेको छलफल पत्र एवम् नियामकीय खाकाका आधारमा | आ.व. २०८३/८४ | नियामकीय पद्दतिलाई स्पष्ट एवम् व्यवस्थित बनाउने। |

| | | | |
|---|---|---|---|
| | विभिन्न आवश्यक निर्देशिका निर्माण गर्ने कार्य | | |
| ६. | विद्युत उपभोक्ता महसुल निर्धारण निर्देशिकालाई अन्तिम रुप दीई जारी गर्ने। | आ.व. २०८३/८४ | विद्युत महसुल निर्धारणका सिद्धान्तहरु स्पष्ट पार्नुका साथै महसुल निर्धारण प्रक्रियालाई आवधिक प्रक्रियाको रुपमा स्थापित गर्न। |
| ७. | आयोग तथा अनुमति पत्र प्राप्त संस्थाहरूका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन (Performance-Based Incentive) प्रणाली लागू गर्ने। | आ.व. २०८३/८४ | विद्युत क्षेत्रको नियामक एवम् नियमिकृत संस्थाहरु दुवैको कार्यसम्पादनको गुणस्तर मुल्याङ्कन गरी कार्यसम्पादनका आधारमा लाभहरु प्राप्त गर्ने पद्दति विकास गर्न। |
| ८. | अनुमति प्राप्त संस्थाहरूको कार्यसम्पादन सूचकाङ्क (KPI) मापन सम्बन्धी अध्ययन गरी बार्षिक रुपमा अध्यावधिक गर्न सुरु गर्ने। | आ.व. २०८३/८४ | अनुमति प्राप्त संस्थाहरूको कार्यसम्पादनलाई नियाल्दै अनुमति प्राप्त संस्थाहरूलाई थप दक्ष र व्यावसायिक बनाउने रणनीति तय गर्न, कार्यसम्पादनमा आधारित प्रोत्साहन (Performance-Based Incentive) प्रणाली लागू गर्न। |
| ९. | आवश्यक विनियम संशोधनका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (MOEWRI) र अर्थ मन्त्रालय (MOF) को सहमतिका लागि आयोगको रणनीतिक तथा संगठन विकास योजना (ERC Strategic and Organization Development Plan) अन्तिम रूप दिई पेश गर्ने। | आ.व. २०८३/८४ | पुनर्संरचना पश्चातको एवम् बजारमुखी विद्युत् क्षेत्रको प्रभावकारी नियमनका लागि आवश्यक दक्षता र क्षमता सहितको साङ्गठनिक संरचना निर्माण गर्न। |
| ११. | दस्तावेज व्यवस्थापन प्रणाली (DMS) र नेपाल सरकारको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) मार्फत पूर्ण रूपमा डिजिटल निर्णय (Decision Making) प्रक्रिया कार्यान्वयन गर्ने। | आ.व. २०८३/८४ | आयोगको निर्णय प्रक्रियालाई जवाफदेही र पारदर्शी बनाउन। |
| १२. | स्वीकृत संगठन संरचना (Organogram) अनुसार बाँकी मानव स्रोतको पदपूर्ति सम्पन्न गर्ने। | आ.व. २०८३/८४ | संस्थामा सुदृढ मध्य-व्यवस्थापन (Middle Management) क्षमता सुनिश्चित गर्दै बजारउन्मुख विद्युत |

| | | | |
|---|---|---|---|
| | | | क्षेत्रको नियमन क्षमता सहितको साङ्गठनिक संरचना निर्माण गर्न। । |
| १३. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरू, पूर्वाधार नियमनका लागि दक्षिण एसियाली मञ्च (SAFIR) लगायत अन्तर्राष्ट्रिय थिंक ट्याङ्क तथा विकास साझेदार संस्थाहरूसँगको सहकार्यमार्फत आयोगका मानव स्रोत तथा प्रमुख सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने। | आ.व. २०८३/८४ | विद्युत नियमन एवम् विद्युत बजार सम्बन्धी अवधारणा नेपालका लागि नवीन भएको र समग्र क्षेत्रको क्षमता अभिवृद्धि गर्न आवश्यक भएकाले। |
| १४. | विद्युत् क्षेत्रसम्बन्धी विषयमा नेपाल सरकारको सबैभन्दा विश्वसनीय परामर्शदाता निकायका रूपमा आयोगलाई स्थापित गर्न समर्पित नीति तथा नियामकीय विश्लेषण शाखा स्थापना गर्ने। | आ.व. २०८३/८४ | आयोगका नियामकीय काम कारवाही बाहेक नेपाल सरकारलाई नीतिगत सुझाव दिन सक्ने निकायको रुपमा स्थापित हुनु पर्ने आवश्यकता आयोगको ऐनले तोकेका कारण। |
| १५. | नेपाल विद्युत प्राधिकरणको पुनःसंरचनाका सम्बन्धमा नेपाल सरकारलाई नीतिगत सुझाव दिने | आ.व. २०८३/८४ | आयोगका नियामकीय काम कारवाही बाहेक नेपाल सरकारलाई नीतिगत सुझाव दिन सक्ने निकायको रुपमा स्थापित हुनु पर्ने आवश्यकता आयोगको ऐनले तोकेका कारण। |
| १६. | आयोगको आन्तरिक नियन्त्रण प्रणाली/"कण्डक्ट अफ बिजनेस" सम्बन्धी विनियमावली तर्जुमा | आ.व. २०८३/८४ | आयोगका आन्तरिक काम कारबाहीलाई थप व्यवस्थित, जवाफदेही र पारदर्शी बनाउन। |
| १७. | उपभोक्तास्तरमा नियामकीय विषय तथा आयोगका जनचेतनाका लागि कार्यक्रम | आ.व. २०८३/८४ | आयोगका काम कारवाहीको बारेमा सर्वसाधारण उपभोक्ताहरु जानकार हुन जरुरी रहेकाले। |
| १८. | विद्युत उपभोक्ता तथा सरोकारवाला निकायहरुलाई आयोगको कार्यक्षेत्र र भावी कार्यदिशा सम्बन्धमा छलफल कार्यक्रम | आ.व. २०८३/८४ | आयोगका काम कारवाहीको बारेमा सर्वसाधारण उपभोक्ता तथा सरोकारवालाहरु जानकार हुन जरुरी रहेकाले। |
| १९. | उपभोक्ताको हकहित संरक्षण सम्बन्धमा आयोगको कार्य लगायतका विवरण समेटेर (पठ्य एवम् श्रव्यदृश्य) जानकारीमुलक सामग्री तयार गर्ने | आ.व. २०८३/८४ | आयोगका काम कारवाहीको बारेमा सर्वसाधारण उपभोक्ता तथा सरोकारवालाहरु जानकार हुन जरुरी रहेकाले। |
| २०. | आयोगका विनियमावली, संहिता, निर्देशिका, आदि नियामकीय उपकरणको | आ.व. २०८३/८४ | आयोगका नियामकीय उपकरणहरुका बारेमा सर्वसाधारण |

| | | | |
|---|---|---|---|
| | तर्जुमा र सो सम्बन्धमा आवासीय कार्यशाला एवम् आवश्यकता अनुसारको छलफल, गोष्ठी, विमोचन संचालन | | उपभोक्ता तथा सरोकारवालाहरु जानकार हुन जरुरी रहेकाले। |
| २१. | विद्युत क्षेत्रको कानूनी, नीतिगत एवम् नियामकीय स्तरमा सुधारको लागि अन्तरक्रिया कार्यक्रम | आ.व. २०८३/८४ | विद्युत क्षेत्र सुधारका बारेमा सर्वसाधारण उपभोक्ता तथा सरोकारवालाहरु जानकार हुन जरुरी रहेकाले। |
| २२. | विभिन्न विनियमावली, निर्देशिका तथा डकुमेन्ट्रीहरूको अंग्रेजी अनुवाद गराउने कार्य | आ.व. २०८३/८४ | नियामकीय उपकरणको अनुवादले हरेक किसिमका सरोकारवालाहरुको आवश्यकता सम्वोधन हुने भएकाले। |
| २३. | ग्रिड कोड व्यवस्थापन समिति अन्तर्गतका कार्यक्रम | आ.व. २०८३/८४ | ग्रीड कोड व्यवस्थापन जटिल कार्य भएको र सर्वपक्षीय प्रयत्नहरु आवश्यक भएकाले। |
| २४. | विश्वविद्यालयका विद्यार्थीहरुको क्षमता अभिवृधि कार्यक्रम (इन्टर्नसिप सम्बन्धि) | आ.व. २०८३/८४ | विद्युतको प्राविधिक पक्ष मात्र नभई भविष्यका पेशाकर्मी प्राविधिक, वित्तीय विश्लेषक एवम् अन्य जनशक्तिलाई विद्युत क्षेत्रको वास्तविकता र व्यावसायिक जटिलताको बारेमा परिचित गराउन। |
| २६. | विद्युत् नियमन आयोग (ERC) अन्तर्गत निर्माण भएका उर्जा सम्बन्धी नियामकीय उपकरणहरु सम्बन्धी नीति संवाद तथा अन्तरक्रिया कार्यक्रम | आ.व. २०८३/८४ | आयोगको क्षेत्राधिकार र आयोगका कार्य सम्बन्धमा विभिन्न सरोकारवाला समूहहरुलाई जानकारी गराई आयोगको संचालनलाई सशक्त बनाउन। |
| २७. | रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट विद्युत उपभोक्ता जागरण कार्यक्रम संचालन गर्ने | आ.व. २०८३/८४ | स्वयमका हक, अधिकार तथा विद्युत क्षेत्रको निर्णय प्रक्रियाका सम्बन्धमा सर्वसाधारण उपभोक्ता तथा सरोकारवालाहरु जानकार हुन जरुरी रहेकाले। |
| २८. | मुद्दा सुनुवाइका लागि स्थायी इजलासको स्थापना | आ.व. २०८३/८४ | आयोगको अर्धन्यायिक क्षेत्राधिकारको दक्षतापूर्वक प्रयोग गर्न आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्न। |

| | | | |
|---|---|---|---|
| २९. | प्रदेशको ऊर्जा सम्बन्धी मामिला हेर्ने मन्त्रालयको संलग्नतामा एकदिने Provincial Stakeholders Consultation Workshop | आ.व. २०८३/८४ | आयोगका काम कारवाहीको बारेमा सर्वसाधारण उपभोक्ता तथा सरोकारवालाहरु जानकार हुन जरुरी रहेकाले। |
| ३०. | अनुमति प्राप्त व्यक्ति र सम्बन्धित संस्थाहरुका कर्मचारीको विद्युत नियमन तथा विद्युत बजार सम्बन्धी विषयमा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन। | आ.व. २०८३/८४ | आयोगका काम, कारवाही, सुधारको दिशा तथा हालको व्यवस्थाहरुका सन्दर्भमा सबै सरोकारवालाहरु जानकार हुन जरुरी रहेकाले। |
| ३१. | Study of PPA in existing situation in Nepal (Take or pay, Take and pay Demand supply balance etc.) option on generation mix for making intervention on PPA framework | आ.व. २०८३/८४ | नेपालमा रहेको विद्युत आपुर्ति र मागको अवस्थाको मुल्याङ्कन गरी |
| ३२. | Development of framework for project inspection and Physical Progress evaluation of electricity generation projects | आ.व. २०८३/८४ | आयोगको निर्णय प्रक्रियामा सहयोग गर्न। |
| ३३. | अनुमति प्राप्त व्यक्ति वा संस्थाको संस्थागत सुशासन सम्बन्धी मापदण्ड निर्माण | आ.व. २०८३/८४ | अनुमति प्राप्त संस्थाहरूले गर्न मिल्ने नमिल्ने गतिविधिहरु सम्बन्धी स्पष्टता दिन। |
| ३६. | नेपालको शेयर बजारमा सूचीकृत जलविद्युत तथा सौर्य ऊर्जा कम्पनीहरुको चुनौती तथा सुधारका क्षेत्रहरुसम्बन्धी अध्ययन | आ.व. २०८३/८४ | ऊर्जा क्षेत्र र शेयर लगानीका अन्तरसम्बन्ध रहेका विषयको विष्तृत अध्ययन गरी निर्णय प्रक्रियालाई परिष्कृत गराउन। |
| ३७. | Hydrology risk allocation in PPAs | आ.व. २०८३/८४ | जलविद्युत आयोजनाहरुको जलविज्ञानसम्बन्धी जोकिम मुल्यांकन गरी निर्णय प्रक्रियालाई परिष्कृत गराउन। |
| ३८. | Cumulative Hydrological Impact of Cascade Hydropower Development and Recommendations for Subsequent Revisions in New PPAs | आ.व. २०८३/८४ | एकै नदिमा रहेका जलविद्युत आयोजनाहरुको अन्तरसम्बन्ध, भिन्न भिन्नै किसिमका आयोजनाले एक अर्काको संचालनमा पर्ने प्रभाव र त्यसको समाधान गरी उपयुक्त रणनीति निर्माण गरी निर्णय प्रक्रियालाई परिष्कृत गराउन। |
| ३९. | विद्युत् क्षेत्रका नियामकीय, बजारसम्बन्धी तथा बहुविषयगत पक्षमा | आ.व. २०८३/८४ | विद्युत बजार तथा नियमनसम्बन्धी विषयमा खोज तथा अनुसन्धान गर्न |

| | | | |
|---|---|---|---|
| | विश्वविद्यालयहरूका विद्यार्थीले प्राज्ञिक खोज, अनुसन्धान र विश्लेषणात्मक कार्य गरेमा सो कार्यलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने। | | प्रेरित गर्न र राष्ट्रिय तवरमै विज्ञताको विकास गर्न। |
| ४०. | सान्दर्भिक विषयमा राय एवम् सुझाव लिने प्रयोजनको लागि मन्त्रालयसँगको समन्वयमा विज्ञहरू समूहको (Advisory Panel) पुनःगठन गर्ने। | आ.व. २०८३/८४ | सरोकारवालाहरु माझ आयोगको अपनत्व बढाई आयोगका कार्यहरुलाई गर्नु पुर्व सुझाव सङ्कलन गर्दै कार्यको प्रभावकारीता वृद्धि गर्न। |
| ४१. | विद्युत नियमन आयोगका लागि उपयुक्त कार्यालय भवनको खोजी गरी कार्यालय स्थानान्तरण गर्ने। | आ.व. २०८३/८४ | आयोगको पूर्ण संचालनमा भौतिक पूर्वाधारको कमीका कारण रहेको वाधा हटाउन। |
| ४२. | आयोजना वा मुद्दा सम्बन्धी जाँचबुझ तथा निरीक्षणका लागि **स्वतन्त्र नियामकीय परीक्षकहरु** (Independent Regulatory Inspectors and Technical Auditors) को चयन, प्रशिक्षण र परिचालनलाई सुनिश्चित गर्न आवश्यक निर्देशिकाको व्यवस्था गरी कार्यान्वयन गर्ने। | आ.व. २०८३/८४ | आयोगको कार्यसम्पादनलाई प्रभावकारी बनाउन। |

## २. अन्य श्रोतबाट संचालन गरिने योजना तथा कार्यक्रमः

आयोगले छोटो समयमा उच्च महत्वका धेरै नै कार्यहरु गर्नु पर्ने भएको, आयोगको स्रोत सिमित रहेको र आयोगको आन्तरिक जनशक्तिबाट सबै विषयमा समयानुकुल सबै कार्य गर्न सम्भव नभएको विषयलाई मध्यनजर गरी उच्च जटिलताका वा नेपालले प्रथम पटक अपनाउन लागेका देहायसम्बन्धी सुधार गतिविधिहरुमा आवश्यक अध्ययन-अनुसन्धान गरी छलफल पत्र वा व्यावहारिक खाका निर्माण गर्ने सम्बन्धमा नेपाल सरकारसंग सहमति भई नेपालमा संचालनमा रहेका विभिन्न विकास साझेदारहरुका स्रोत परिचालन गरिनेछ। यस्ता छलफल पत्रहरु सार्वजनिक रुपमा छलफलमा ल्याई सर्वसाधारण तथा सम्बन्धित सरोकारवालाहरुबाट प्राप्त राय, सुझाव र टिप्पणीलाई मध्यनजर गरी आयोगले स्वयम् निर्देशिका तथा अन्य नियामकीय उपकरणहरुको निर्माण गर्नेछ।

१. मिटरिङ्ग सम्बन्धी नियामकीय खाका
२. खुल्ला पहुँचसम्बन्धी गुनासो समाधान सम्बन्धी खाका

३. ब्यलेन्सीङ्ग तथा सेटलमेन्ट सम्बन्धी खाका

४. डेभिएसन् सेटलमेन्ट सम्बन्धी खाका

५. ग्रीड अबद्दता (कन्टेक्टिभिटी) सम्बन्धी खाका

६. क्याप्टिभ विद्युत उत्पादन सम्बन्धी खाका

७. डेडीकेटेड प्रसारण लाइनको लागत तथा नोक्सानीको बाँडफाँट सम्बन्धी खाका

८. ग्रिड कोडको आधुनिकीकरण तथा अद्यावधिक गर्ने।

९. हाल सञ्चालनमा रहेको दस्तावेज व्यवस्थापन प्रणाली (DMS) सहित आयोगका आन्तरिक कार्यसम्पादन तथा नियामकीय कार्यहरूलाई पूर्ण रूपमा डिजिटलीकरण गर्न सक्षम एकीकृत नियामकीय सूचना व्यवस्थापन प्रणाली (Regulatory Information Management System - RIMS) विकास गर्ने।

१०. उत्पादन, प्रसारण तथा वितरण अनुमतिपत्र प्राप्त संस्थाहरूमा लागू हुने समग्र महसुल सम्बन्धी खाकाको विकास- Development of comprehensive tariff framework applicable to Generation, Transmission, and Distribution Licensees.

११. पम्प्ड-स्टोरेज जलविद्युत् नियामकीय खाका।

१२. ब्याट्री ऊर्जा भण्डारण प्रणाली (BESS) नियामकीय खाका।

१३. नेपाल विद्युत प्राधिकरण मातहतका उत्पादन गृहहरुको विद्युत उत्पादन महसुल निर्धारण खाका।

१४. वितरण संहितासम्बन्धी छलफल पत्र।

१५. विद्युत् व्यापार सम्बन्धी नियामकीय खाका ।

१६. Background Work for Long Term PPA of १०,००० MW with Indian Utilities and Power Traders

१७. विद्युतको थोक बजार (Wholesale market of Electricity) को सम्भाव्यता सम्बन्धी अध्ययन प्रतिवेदन।

१८. पुनःसंरचना पश्चात नेपाल विद्युत प्राधिकरणका विद्युत खरिद बिक्री सम्झौता, कनेक्सन एग्रिमेन्ट, लगायत अन्य सम्झौताबापत सिर्जित हुने दायित्वहरुको स्पष्ट तथा उपयुक्त रुपमा बाँडफाँटका सम्बन्धमा अध्ययन गर्ने गराउने।

१९. Study and preparation of Regulatory Accounting Standards (RAS)

२०. Roadmap for Management of Surplus Power of Monsoon

## निष्कर्ष

नेपालको विद्युत क्षेत्र निकै महत्वपूर्ण मोडमा उभिएको छ। नेपालले हालसम्म प्राप्त गरेको उपलब्धिलाई संस्थागत गर्दै विद्युत क्षेत्रका विषयमा धेरै दूरगामी प्रभाव पार्ने किसिमका निर्णयहरू गर्नु पर्ने छ। विद्युत नियमन आयोग विद्युत क्षेत्रको नियामक निकाय भएका कारण विद्युत नियमन आयोगले तत्काल निभाउनु पर्ने जिम्मेवारीहरूको सूची निकै लामो छ। यसका लागि आयोगले आफ्नो संस्थागत विकासका कार्यहरू गर्दै विद्युत नियमन सम्बन्धी व्यवस्थाको विस्तार तथा सबलीकरण गर्नु पर्ने देखिन्छ। यसका अतिरिक्त, नेपाल सरकारले राखेको विद्युत क्षेत्रको पुनर्संरचना सम्बन्धी लक्ष्यलाई सार्थक पार्न नियामकीय तवरबाट गर्नु पर्ने विभिन्न गतिविधिहरू समेत गर्नु पर्ने देखिन्छ। आयोगको आफ्नै जनशक्ति र स्रोत एवम् स्रोतको प्रयोगको लचिलोपन (flexibility) सीमित भएता पनि उक्त आन्तरिक सामर्थ्यको क्रमिक विकासमा कटिबद्ध रहँदै आयोगका आयोगले राखेको लक्ष्य पूर्ति गर्न बाह्य स्रोतहरूलाई समेत समेट्दै अघि बढ्ने लक्ष्य आयोगले राखेको छ।